स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको लभस्टोरी फिल्म 'हिँड्दा हिँड्दै'को रोमान्टिक गीत सार्वजनिक गरिएको छ । 'हाँस्ने ओठहरु तिम्रा हुन्" बोलको सार्वजनिक गीतमा सुगम पोखरेल र अञ्जु पन्तको युगल स्वर रहेको छ भने किरण माइकल घिमिरेको शब्द रचना तथा संगीत छ । यो गीतले फिल्मका मुख्य अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री रेखा शाहको प्रेमभाव बोल्छ । फिल्म मिलन आले मगर निर्देशन गरेका छन् ।

आजको विचार...



राजनीतिमा...
(दुई पेजमा)

श्याम अधिकारी



फिल्म र म्यूजिक भिडियोमा दर्शकले रुचाइएका जोडी ज्यादै कम छन् । त्यसमध्येमा पर्छन्, पल शाह र मलिका महत । फिल्ममा उनीहरुबीच सहकार्य हुन सकेको छैन । तर, म्यूजिक भिडियोमा सहकार्य टुटेको छैन । अहिले उनीहरु एक गीतको छायांकनमा व्यस्त छन् । दुवैले एकअर्कासँग पुनः काम गरेको जानकारी आ-आफ्नो इन्स्टाग्राममार्फत् गराएका छन् । म्यूजिक भिडियोमा जोडी रुचाइएपछि पल र मलिकालाई फिल्ममा लिन मेकरहरुबीच हानाथाप नै चलेको थियो ।

❑ वर्ष २९ ❑ अंक ६ ❑ २०८० साउन ६ गते शनिबार 22 July 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# समयमै पानी नपर्दा रोपाइँमा ढिलाइ

## साउनको पहिलो साता वित्नै लाग्दा देशभर ६८ प्रतिशत मात्र

हाम्रा संवाददाता

**पाल्पा,** साउन ५/ समयमै पर्याप्त वर्षा नहुँदा धान रोपाइँमा ढिला भएको छ । साउन पहिलो साता सकिन लाग्दा पनि देशभर जम्मा ६८ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार धानको बीउ ठूलो भइसक्दा पर्याप्त पानी नपरेकाले ६८ प्रतिशत मात्र रोपाइँ भएको जनाएको छ । सिँचाइको सुविधा रहेका अधिकांश क्षेत्रका किसानले रोपाइँ गरिसकेको भए पनि आकाशेपानीको भरमा रहेका किसानले भने अझै रोपाइँ गर्न पाएका छैनन् । गत वर्ष साउनको पहिलो सातासम्म ८८ प्रतिशत रोपाइँ सकिएको थियो । यस पटक भने २० प्रतिशत कम रोपाइँ भएको हो । मधेश प्रदेश, बागमती र गण्डकीमा मनसुन प्रवेशमा ढिलाइ भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले कृषि विभाग लगायत सरोकारवाला निकायसँगको समन्वयमा प्रत्येक हप्ताको सोमबार देशभर कति रोपाइँ भयो भनि एकीकृत तथ्याङ्क समेत सार्वजनिक गर्दै आएको छ । कुलो लाग्ने खेतमा समयमै रोपाइँ भए पनि आकाशे पानीको भरमा रोपिने खेतमा रोपाइँ हुन सकेको छैन् ।



फाइल फोटो

**यस्तो छ पाल्पा र गुल्मीमा रोपाइँको अवस्था**

यति बेला पाल्पा र गुल्मीका फाँटहरुमा धमाधम धान रोपाइँ भइरहेको छ । शुक्रबारसम्म पाल्पाका फाँटहरुमा ८८ प्रतिशत र गुल्मीमा ७५ प्रतिशत धान रोपाइँ भएको छ । चैते धान र मकै खेती लगाएका खेतमा ढिला गरी रोपाइँ भइरहेको कृषि ज्ञान केन्द्र पाल्पाले जनाएको छ । पाल्पाका माडी, कचल, अर्गली, पूर्वखोला, पिपलडाँडा, दोभान, झडेवा, रामपुर, गेझा, दर्छा, निस्दी, हुँगी फाँटमा धान रोपाइँ हुने गर्दछ । यहाँका पश्चिम भेगका अधिकांश स्थानमा धान रोपाइँ सकिएको छ । पूर्वका फाँटमा भने अझै बाँकी छ । जिल्लामा टारी खेत र कुलो नलाग्ने क्षेत्रका किसानले पानी ढिला गरी परेकाले विउ पनि ढिला गरिनै राखेकाले रोपाइँमा ढिलाई भएको हो । कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष आठ हजार २ सय १० हेक्टर क्षेत्रफलमा वर्षे धान खेती हुने प्रक्षेपण गरिएको छ । हिउँदे धानको खेती भने ७ सय २० हेक्टरमा मात्र हुँदै आएको छ । यस्तै गुल्मीका फाँटहरुमा शुक्रबारसम्म ७५ प्रतिशत रोपाइँ सकिएको छ । कृषि ज्ञान केन्द्र गुल्मीका अनुसार पानी ढिला गरी परेकाले रोपाइँमा केही ढिला भएको जनाएको छ । यहाँ अघिल्लो वर्ष साउनको पहिलो साता ७६ प्रतिशत रोपाइँ भएको थियो । गुल्मीका सेरा, सिमलटारी, फूलबारी, शिलादी, सिर्सेनीको सिम, अग्लुङ फेदी, भनभनेको तल्लो क्षेत्र, पनाहा खोला, चौरासी फाँट, हुलाके, खर्जेङ, घोडाहाफाँट, टारी फाँट, खर्जेङ, मनबाग, आगा, उल्लिखोला, बोआ फाँट, रुरु क्षेत्रः टाहाटिम, घिउबेसी, छम्दी, अर्वेनी, कनौटा, छापचौरमा, लिम्घा, अस्लेवा, ज्वाङखैरेनी, साहाघाट, च्यामी फाँट, मजुवा, रुपाकोट, शान्तिपुर, तल्लाफाँट इन्द्रेगौडा भुवाचिदी, पौदी अरेवा, भर्माचौर लगायतका क्षेत्रमा धान खेती गर्ने गरिन्छ ।

## संक्षिप्त समाचार

### प्रेस युनियन गुल्मीको अध्यक्षमा पुनः कुँवर



**गुल्मी,** साउन ५/नेपाल प्रेस युनियन गुल्मीको अध्यक्षमा रेशम कुँवर पुनः निर्विरोध निर्वाचित भएका छन् । युनियनको सदरमुकाम तम्घासमा भएको नवौं जिल्ला अधिवेशन तथा १७ औं साधारण सभाले कुँवरलाई पुनः अध्यक्षमा निर्विरोध चयन गरेको हो ।

जसको खुला उपाध्यक्षमा रमेश विश्वकर्मा, समावेशी उपाध्यक्षमा दिपक नेपाली, सचिवमा सुमन महतरा, कोषाध्यक्षमा नविन कार्की, सह सचिवमा चन्द्रकला राना, सन्तोष महतरा चयन भएको केन्द्रीय प्रतिनिधि प्रेमनारायण आचार्यले बताए । उनका अनुसार सदस्यहरुमा भुवन भुसाल, सागर भण्डारी, मनु सुनार, अनिल खत्री, अनिष पन्थी, पूजा विश्वकर्मा, सुरज कार्की, भुवन काले, गंगु कुवर मगर, दधिराम भुसाल, माधव खरेल, दीपा पन्थ रहेका छन् ।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहोर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# छुट्टाछुट्टै स्थानमा करेन्ट लागेर चार जनाको ज्यान गयो

**पाल्पा,** साउन ५/देशका विभिन्न स्थानमा करेन्ट लागेर चार जनाको ज्यान गएको छ । विभिन्न जिल्लाका छुट्टाछुट्टै स्थानमा करेन्टबाट चार जनाको अकालमै ज्यान गएको हो ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सिरहा, दाङ, धनुषा, झापाका विभिन्न स्थानमा करेन्ट लागेर चार जनाको ज्यान गएको छ । सिरहाको सिरहा नगरपालिका-२१ लकडिगोठ मलिया टोलका ४० वर्षीय तपेश्वर यादवको करेन्ट लागेर ज्यान गएको छ । बिहीबार दिउँसो आफ्नै खेतमा धान रोप्न विद्युतीय मोटर पम्पबाट पानी लगाउने क्रममा करेन्ट लागेर यादव गम्भीर घाइते भएका थिए । घाइते उनको प्रादेशिक अस्पताल सिरहामा उपचारको क्रममा मृत्यु भएको हो ।



यस्तै दाङको लमही नगरपालिका-३ मिलन चोकका ५९ वर्षीया रूपनी चौधरीको करेन्ट लागेर ज्यान गएको छ । बिहीबार दिउँसो आफ्नै घरको करेसा बारीमा घाँस काट्ने क्रममा मोटरको तारबाट करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । धनुषाको बटेश्वर गाउँपालिका-५ शान्तिपुरमा पनि एक जनाको करेन्ट लागेर ज्यान गएको छ । त्यहाँका ५५ वर्षीय कमलदेव यादवको करेन्ट लागेर ज्यान गएको हो ।

उनी पनि बिहीबार दिउँसो आफ्नै माछा पालन पोखरीमा पानी हाल्नको लागि विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । घाइते उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै झापाको दमकमा पनि करेन्ट लागेर अर्को एक जनाको ज्यान गएको छ । दमक नगरपालिका-३ स्थित निर्माणाधिन दमक भ्यू टावरमा वायरिङको काम गर्ने क्रममा करेन्ट लागेर बारा महागढीमाई नगरपालिका-४ का ३२ वर्षीय अरुण कुमार जैसवालको मृत्यु भएको हो । करेन्ट लागेर गम्भीर घाइते भएका उनको लाईफ लाईन अस्पताल दमकमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीले सबै घटनाका विषयमा आवश्यक अनुसन्धान गरिरहेको छ । पछिल्लो समय करेन्ट लागेर ज्यान गुमाएका घटनाहरु बढेका छन् । विद्युतीय साधनको सही प्रयोग गर्न नजान्दा यस्ता घटनाहरु घट्ने गरेको पाइन्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अर्थतन्त्र उकास्ने मौद्रिक नीति ल्याऊ

**कुनै पनि देशको केन्द्रीय बैंकले ल्याउने बृहत आर्थिक नीतिलाई मौद्रिक नीति भनिन्छ । मुलुकभित्र हुने मुद्राको व्यवस्थापन, महंगी नियन्त्रण, मुलुकले बाहिरबाट प्राप्त गर्ने आम्दानी र खर्च सन्तुलन र वित्तीय क्षेत्रको स्थायित्व मौद्रिक नीतिका उद्देश्य हुन् । बजेटले मूलतः आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य राख्छ भने यो उद्देश्य प्राप्तिमा निर्णायक भूमिका मौद्रिक नीतिले पूरा गर्छ । मौद्रिक नीति देशको समग्र अर्थतन्त्रका महत्वपूर्ण चरहरू मन्दी, स्फीति तथा बेरोजगारीको नियमन र व्यवस्थापन गर्ने सशक्त साधन हो । अर्थात् स्फीति, बेरोजगारी र विदेशी मुद्राको सटही दरको व्यवस्थापन गरी देशमा आर्थिक स्थायित्व कायम गर्दै देशको समग्र विकास, मूल्य नियन्त्रण गर्न र भुक्तान सन्तुलन कायम राख्न मौद्रिक नीति जिम्मेवार हुन्छ । यस वर्षको मौद्रिक नीति निर्माणमा राष्ट्र बैंक जुटेको छ । खासगरी कोभिड-१९ पछि बजेटमा भन्दा पनि मौद्रिक नीतिमा सरोकारवालाको चासो बढ्दो छ ।**

**महामारीले शिथिल बनेको अर्थतन्त्र उत्थानका लागि तत्कालीन बजेटले धेरै कार्यक्रम ल्याउन नसकेका बेला विभिन्न सुविधासहित राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति ल्याएको थियो । त्यसपछि यस नीतिमा सरोकारवालाहरुको अपेक्षा ह्वात्तै बढ्यो । यो वर्ष वर्तमान आर्थिक अवस्थालाई हेरेर मौद्रिक नीति ल्याइनुपर्ने सुझाव सांसद र नीजि क्षेत्रबाटै आएको छ । यसलाई सकरात्मक मान्नुपर्छ । आयातमा प्रतिबन्धलगायत विभिन्न कारणले अहिले पनि अर्थतन्त्र मन्दीमा छ । आर्थिक गतिविधि सुस्त छन्, नयाँ लगानी भएको छैन, रोजगारी घटेकाले उपभोक्ताको खरिद क्षमतामा कमी आएको छ । यस्तो अवस्थामा राष्ट्र बैंकले ल्याउने नीतिले मौद्रिक औजार परिचालनमार्फत ब्याजदर कम गर्दै कर्जा माग बढाउने, वित्तीय स्थायित्व कायम गर्ने र उत्पादनमूलक क्षेत्रमा कर्जा पुग्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । सरकारको बजेट सफल तुल्याउने औजारका रूपमा मौद्रिक नीतिलाई लिइन्छ । तसर्थ वर्तमान अवस्थालाई हेरेर अर्थतन्त्र उकास्ने गरी मौद्रिक नीति ल्याउन जरुरी छ ।**

## Opinion @ Social Network

आफ्नै अनुहार आफैले हेर्दा त झनक्क रिस उठेर आउँछ भने,
अरुलाई झन कति रिस उठ्दो हो


*(मञ्जिल मगरको फेसबुक स्टाटसबाट www.facebook.com//manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिमा बढ्दो युवा उभार, सम्हाल्न सक्लान् त पाकाले ?



**श्याम अधिकारी**

विनियोजन विधेयक २०८० को प्रश्नोत्तरको क्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले उठाएका दुई विषयले अलि चासो बढायो । एउटा विषय जुन जो कोही प्रधानमन्त्री भएको बेलामा आउने निरन्तरको विषय जस्मा युवालाई देशभित्रनै रोजगारीको श्रृजना गर्दै वैदेशिक रोजगारीको सिलसिलामा रहेका युवाहरुलाई देशमा नै अवसर श्रृजना गर्ने सरकारको लक्ष्यको बखानको निरन्तरता भने दोश्रो विषय चैं अन्य प्रधानमन्त्री भन्दा फरक र अलि क्रान्तीकारी तवरले सामाजिक सञ्जालका चित्र र सञ्जालमा रमाउने युवापुस्तालाई घुमाउरो परामा गरेको गालीले उनमा युवाजनमा आएको चेतलाई लक्षित गर्न खोजेको जस्तो देखिन्छ ।

आखिर खाहाललाई समेत चासो हुने गरि आईरहेका विषयहरुले पाका र स्थापित पार्टीका नेताहरुमा ढ्याङग्रो चै पक्कै बजाएको छ । युवापुस्ताले राजाको शासनकालमा भएका अराजक विषयहरुलाई भोग्नु नपरेको र वर्तमानमा अगाडि जे छ त्यसमा नै रमाउने कारणले लोकतन्त्रमाथि नै धावा बोलेको आक्षेप पेश गरिरहँदा एउटा विषय चै स्पष्ट छ कि कोरा भाषणबाजीमा रमाउने नेतागणको सातो युवापुस्ताले जगाईरहेका छन् । हुन पनि हो आजकल पान पसल, चिया पसल, पार्क, रेष्टुरेन्ट, सरकारि कार्यालय या त अरु कुनै सार्वजनीक निकायका अड्डा, सामाजिक सञ्जाल या त सार्वजनिक चासोका क्षेत्रहरुमा कि वालेन शाह, कि हर्क साङपाङ्ग, कि रबी लामिछानेका बहससँगै छिटपुट स्थापित दलका युवा र युवासोच भएका नेता (एकाध रुपमा आउने) कै चर्चा हुन्छ । बालेन र हर्कले त आफुलाई सावित गर्ने कुरामा केहि ठोस उदाहरणहरु पेश गरिसकेका छन् रवी र उनको पार्टीका सदस्यहरुको पनि जमर्को जारि छ ।

**वैकल्पिक साहारामा जबरजस्त उठ्दै गरेको युवा सामर्थ्य नगरौं नजरअन्दाज**

स्थापित दलमा उमेर ढल्किसकेका नेताकै दबदबा रहिरहनु र युवापुस्तालाई कोरा राजनीतिको मोहोरामात्रै बनाईरहनाले स्थापित दलभित्रै युवा सामर्थ्य बेलाबेला बहुरिने गर्छ । केहि दिन अगाडि नेपाली कांग्रेसका नेता माननीय गगन थापाले आफ्नो दल लगायत स्थापित दलका पाका नेताहरुलाई लक्षित गर्दै दिएको अभिव्यक्तिले यिनै विषयलाई थप स्पष्ट पार्ने जमर्को गरेको छ । थापाले भनेजस्तै एउटै व्यक्ति कति पटक प्रधानमन्त्री बन्ने भन्ने कुराको ठोस आधार र व्यवस्था हुन नसक्नु, पाका नेताहरुले दिन नसकिरहेको 'पोलिटिकल एक्जिट' (शाब्दीक अर्थ फरक भएपनि सारमा राजनीतिक पुस्तातन्त्रणको रुपमा बुझ्न सकिने) नभएकोले पार्टीभित्र भएको जाम र विकसित देशमा गरिएका पद्धती र व्यवस्थाको उदाहरणले स्थापित पार्टीभित्र आगो सल्किरहेको छ । वैकल्पिक सहाराको रुपमा अधिकाँश नयाँ शक्तिले सामाजिक सञ्जाललाई नै माध्यम बनाएका छन् । सामाजिक सामाजिक सञ्जालमा जब बालेन बोल्छन्, उनको अभिव्यक्तिको पक्षमा आउने हजारौं सकारात्मक प्रतिक्रियासँगै राजनीतिमा लामो समयदेखि स्थापित दल र ति दलका पाका नेताहरुलाई गरिने गालिगलौज र वितृष्णालाई नजरअन्दाज गर्दै युवालाई विगत बुझाउन खोज्नु एक पक्षमा त ठिकै होला तर तत्कालै परिणाम खोज्ने युवा पुस्ताको मनस्थितिलाई दोषारोपण गर्दै आफुले गरेको परम्परागत कार्यशैली नै ठिक भन्नु किमार्थ ठिक होईन । नितान्त पृथक शैली र अभियानलाई आत्मासाथ गर्दै धरानको राजनीतिमा स्थापित पार्टीमाथि धावा वोल्दै आफुलाई अबल सावित गरिरहेका हर्क साङपाङ्गको महत्वपुर्ण आधार नै सामाजिक सञ्जाल हो । आफुले गरिरहेको, गर्न लागेको काम देखि लिएर आफुलाई परेको असहजता साथै उनले उठाईरहेको नेपालको स्वयंसेवी श्रम संस्कृतिलाई जसरि खुल्ला रुपमा प्रस्तुत गरिदिन्छन् र उनको पक्षमा जनमत श्रृजना गर्छन् त्यसबाट तर्सिएर सामाजिक सञ्जालमा हर्कलाई समर्थन गर्ने युवा पुस्तालाई गाली गर्नु कदापी ठिक होईन । राष्ट्रिय स्वतन्त्र पार्टीको कतिपय विषयहरु सुस्पष्ट ढंगबाट आउन बाँकी नै भए पनि एउटा मन परेको विषयमध्येको एक चै प्रतिनिधी सभामा उनिहरुको प्रस्तुति हो । नयाँ शक्तिको रुपमा उदयमान हुने क्रममा रहेको पार्टीका सम्बन्धीत विषयका विज्ञ संसदहरुले दिईरहेका खोजमुलक, विश्लेषणात्मक र समालोचनात्मक टिप्पणीले उनिहरुको उपस्थिति दरिलो बन्दै गईरहेको छ । र ति विषयहरुलाई पछ्याईरहेका सामाजिक सञ्जाल प्रयोगकर्ताहरु र उनिहरुका सकारात्मक सन्देशलाई नजरअन्दाज गरिनु सायद जायज छैन ।

**केही यथार्थ**

नेपालको राजनीतिमा उदाईरहेका यि पात्रहरुलाई हेर्दै गर्दा विश्व राजनीतिलाई अलि नजिकबाट हेर्दा ३६ बर्षको उमेरमा दक्षिणपुर्वी युरोपियन देश मोन्टेनेग्रोमा वर्तमान राष्ट्रपति ज्याकोभ मिलाटोभिकले गत २० मे २०२३ देखि सत्ताको बागडोर सम्हाल्दै आएका छन् । त्यसैगरी पश्चिम अफ्रिकी देश वुर्किना फासोका वर्तमान राष्ट्रपती ईब्राईम ट्रावर ३५ बर्षमा शासन सञ्चालन गरिरहेका छन् । फिनल्यान्डकि तत्कालिन प्रधानमन्त्री सन्ना मरिन ३४ बर्षको उमेरमा सन् २०१९ मा प्रधानमन्त्रीको रुपमा आफुलाई उभ्याउदै गर्दा आफ्नो मन्त्रीमण्डल भित्र अन्य ५ जना ३५ बर्षभन्दा कम उमेरसमुहका मन्त्रीहरुमार्फत् आफ्नो कार्यकाललाई सकाउँदै गत जुन २० विदा भइन् । मरिन जस्तै अष्ट्रियामा दुई कार्यकाल चान्सलर बनेका सेबास्टियन क्रुज पहिलोपटक चान्सलर बन्दा जम्मा ३१ बर्षका थिए । सन् २०१७ देखि २०२१ सम्म दुईपटक चान्सलर बन्दै गर्दा उनले अष्ट्रियाको विकासनिर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गरेको प्रमाणहरु भेनिन्छन् । त्यसैगरि २८ बर्षको उमेरमा पहिलोपटक सांसद निर्वाचित भएकि न्युजल्यान्डकि तत्कालिन प्रधानमन्त्री ( २०१७ - २०२३) ज्यासिन्डा आरडेनले आफ्नो अब्बल नेतृत्वलाई सावित गरेकि छिन् । अझै रोचक त युगान्डाकी प्रोस्कोभिया एलेन्गोट ओरोमाईट पहिलोपटक सांसद बन्दा जम्मा १९ बर्षकि थिईन् र अहिले पनि सांसदको रुपमा काम गरिरहेकी छिन् । विश्व राजनीतिका यि प्रतिनिधी उदाहरणको सामान्य चर्चापछि फेरि नेपालतिरकै कुरा गरौं । प्रधानमन्त्रीले माथि उठाएका दुवै विषय एक अर्कामा अन्तरसम्बन्धीत छन् । अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २०२२ को प्रतिवेदनलाई मात्रै आधार मान्ने हो भने दुई आर्थिक बर्ष २०१९/२०, २०२१/२२ मा मात्रै (कोभिड चुनौतिका बाबजुत) ११ लाख नेपालीयुवाहरु देशबाहिर रोजगारिको सिलसिलामा गएका छन् । रोजगारिका लागि छिमेकी देश भारत जाने युवाको संख्याबाहेकको त्यो संख्यालाई मात्रै हेर्यो भने पनि दैनिक करिब १५००को हाराहारीमा युवा बाहिरिँदो छ । आईएलओको सोही प्रतिवेदनले वैदेशिक रोजगारिमा गएका युवाहरुको कारणले परिवारका सदस्यहरुको आर्थिक, शैक्षिक र सामाजिक स्तर सुधारमा महत्वपुर्ण टेवा पुर्याएको भनिएको छ । प्रतिवेदनमा नउठाईएको तर उल्लेखित क्षेत्रभन्दा अलि पृथक वैदेशिक रोजगारिमा गएका युवाजनले परिवारभित्रको राजनीतिक झुकाव कतातिर लैजाने भन्ने विषयमा राम्रै प्रभाव पारेका छन् भलै उनिहरुको मताधिकार छैन ।

देशभित्रनै रोजगारिको कोरा रटान लगाउने जुनसुकै व्यवस्था र नेतृत्वले नजरअन्दाज गरेको विषयहरुमध्ये देशभित्र रोजगारिको अवसर श्रृजना हुन नसक्नु, शिक्षा गुणस्तरिय नहुनु, सामाजिक परिवेश परिवर्तन हुँदै जानु र त्यसमा आफुलाई अभ्यस्त राख्न अदृश्य दबावको सामना जस्ता चोटिला विषयहरुले युवालाई वैदेशिक रोजगारिमा धकेलेको तितो यर्थात् विदितै छ । अमेरिकन समाजशास्त्री रोबर्ट के मेरटनले सन् १९३८मा अघि सारेको स्र्टेन (तनाव) सिद्धान्तले भनेजस्तै समाजले यसका सदस्यहरुलाई जहिले पनि सामाजिक रुपमा स्थापित लक्ष्यहरु (जुन आफ्नो काबुमा सधैं नहुन सक्छन्) प्राप्तिको लागि दबाब श्रृजना गरिरहेको हुन्छ, जस्को कारणले तनावको स्थिति श्रृजना हुन्छ, र कतिपय बेलामा उक्त तनावले अपराधिक कृयाकलाप गर्न उद्धेलित गर्ने, आत्माहत्या गराउन प्रोत्साहन गर्ने लगायतका कठोर कुराका साथै आर्थिक सुरक्षाका उपायहरुको खोजि गराउने समेत गर्न सक्छ ।

सामाजिक सञ्जालमार्फत् देशमा के भईरहेको छ र कुन चाँही पार्टीले उनिहरुको भावना, बोली र व्यवहार बोलीरहेका छन् भनेर एकएक हिसाब गरिरहेका पुस्तालाई विगत यस्तो कहाँ थियो भनि कम आंकलन गरिदैं गर्दा ति युवा वर्तमानलाई मज्जाले हेरिरहेका छन् भन्ने चै किन बुझ्न नसकेका होलान्, प्रश्न गम्भीर छ । राष्ट्रिय जनगणना २०७८को तथ्याङ्क अनुसार नेपालमा युवा (राष्ट्रिय युवा नीति अनुसार १६-४० उमेर समुहलाई युवा मानिएको छ) को जनसंख्या ४२.५६% (१२४१२१७३) रहेको छ जुन २०६८ को तथ्याङ्क ४०.३३% ( १०६८९८४२) भन्दा २.२१% ले बढेर गएको देखिन्छ । जनसांख्यिक लाभाँसको रुपमा अबको करिब १५ बर्षसम्म रहने यो समुह राजनीतिमा जबरजस्त निर्णायक बनिरहेको छ भलै देशभित्रकै परिवेश आफु अनुकुल नभएकोले वैदेशिक भुमिमा बसेको किन नहोस् ।

**जनसांखिक लाभाँस लिने सम**

यमा रहेको नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१ लाई सरसर्ती हेर्दा पुन: कोरा नारावाजी मात्रै हो भन्न अतिशयोक्ती नहोला । समेट्न कुनैपनि विषय नछुटाएको सरकारले उद्यमशिलता प्रबर्द्धन गर्नुको साथै अबको दुई वर्ष भित्र पाँच लाख थप रोजगारी सिर्जना गर्ने, एकत्रित रुपमा उठ्न नसकिरहेको नीजि क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय प्राविधिक तथा व्यवसायिक प्रशिक्षक प्रतिष्ठान स्थापना गर्ने लगायतका महत्वकाँक्षी योजनाहरु पेश भएका छन् । नवप्रवर्तनमा आधारित उद्यम व्यवसाय सञ्चालन गर्ने, अनुसन्धान, आविष्कार र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न आविष्कार कोषको स्थापना गर्ने लगायतका मुद्दाहरु प्राथमिकतामा पर्दै गर्दा सरकारले सहुलियतपुर्ण कर्जा कार्यक्रमलाई कर्जाको प्रभावकारिता जाँच गर्ने नाममा विना घोषणा बन्द गरिदिएको छ ।

**कोल्टे फेर्न खोजिरहेको राजनीतिक दिशा**

समाजशास्त्री मिशेल फुकोल्टले 'सब्जेक्ट एण्ड पावर' भन्ने पुस्तकमा सरकारको बारेमा चर्चा गर्दै सरकारले नितान्त राजनीतिक संरचना वा त्यसको व्यवस्थापन भन्ने मात्र बुझाउँदैन कि समुदायस्तरमा रहने व्यक्ति वा समुहको कामलाई निर्देशित गरेको हुन्छ । पछिल्ला समयमा जेजति सरकार विभिन्न परिवेश र सन्दर्भमा भने फुकोल्टले भनेको जस्तो व्यक्ति वा समुहमा केन्द्रित हुनुको साटो राजनीतिक संरचना र त्यसको व्यवस्थापनमा नै केन्द्रित रह्यो । सरकार बनाउने, भत्काउने, भागवण्डा, सत्ताप्राप्ती र जोगावटको कारणमा अल्झिन अभ्यस्त स्थापित दलहरुको खिचातानीको प्रतिफल स्वरुप श्रृजित चरम वितृष्णाको चपेटामा परेका जनताहरुले विकल्प रोज्न थालिसकेको कुरा पछिल्ला चरणको तनहुँ र चितवनको निर्वाचनले नै सावित गरिसकेको छ । हुन पनि स्थापित दलले गर्ने भन्दा नगर्ने काम धेरै गरिरहने र त्यसबाट आउने नैराश्यतालाई संश्लेषण गर्दै अघि बढिरहेका युवा शक्तिको वेगलाई थाम्न निकै नै गाह्रो देखिन्छ ।

**अन्त्यमा**

दर्शनशास्त्र वास्तवमा नै पढेका वा पढेजस्तो गरेर भएपनि जनता (नेताको भाषामा) वास्तवमा पार्टी कार्यकर्तालाई भ्रमित पार्न सिपालु हाम्रा नेताहरुले समयसापेक्ष सहि निर्णय लिनै पर्दछ । पेचिलो बनेर आएको युवाशक्ति र आवेगलाई सम्हाल्न महत्वपुर्ण पहलकदमी शुरु नगर्ने हो भने राजनीतिको बागडोर पाकाको पञ्जाबाट नयाँ पुस्तामा जाने कुरालाई नकार्न सकिदैन । वर्तमान विश्वमा अब्बल मानिएको व्यवस्थाहरु मध्येको एक व्यवस्था, लोकतन्त्रको विकल्प तत्काल खोजिनु पक्कै गलत हुन्छ ।

*-हाम्राकुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ । | **तुला** : आर्थिक क्षेत्रमा सफलता सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । |
| **वृष** : स्वास्थ्यमा खर्च बढ्नसक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ । | **बृश्चिक** : भाग्यले अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । |
| **मिथुन** : रोकिएका काम पुन: सुरु हुनेछन्। आर्थिक कारोबारमा सफलता पाइएला । | **धनु** : उद्यममा राम्रै सफलता मिल्नेछ । नजिकैको यात्राबाट लाभ नै हुनेछ । |
| **कर्कट** : न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ। | **मकर** : बन्न लागेको काम बिग्रिनेछ । नयाँ ज्ञान सिक्ने मौका भने अवश्य मिल्नेछ। |
| **सिंह** : भाग्यले विभिन्न अवसर जुराउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। | **कुम्भ** : अवसरले मन प्रसन्न रहनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। |
| **कन्या** : मौकामा अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । | **मिन** : शुभ आरम्भको चर्चा चल्नेछ । नयाँ काममा जुट्ने समय छ । |

# साहित्य दर्पण

कथा — मनिश कुमार शर्मा

## धर्म नछाड्नु है

'बाबु आफ्नो धर्म नछाड्नु है' मृत्यु श्यैयामा रहेको उनका बाले बोलेको अन्तिम शब्द ...। साँच्चै सापकोटा बाले तन, मन, वचन र कर्मले अहिले सम्म धर्म छाडेका छैनन् । समाजको मुल्य मान्यतामा उनी कहलिएका पण्डित । धर्मशास्त्र, रीतिरवाज, धर्मकर्ममा पारङ्गत अझ धुरन्धर पुराणवाचक । पुराण पाठ गर्न त टाढा टाढाबाट बोलावट हुन्थ्यो उनलाई । पुस्तैनी सम्पत्तिले घर परिवार खानदानी थियो । लोभ लालच थिएन । दानदक्षिणा दिन माहिर थिए । गाउँघर छरछिमेकमा आपत विपत्रुमा सधैं अगाडि हुन्थे । त्यही भएर छरछिमेक, गाउँले उनी प्रति नतमस्तक हुन्थे । प्रत्येक मानिसमा एउटा न एउटा अवगुण हुन्छ भने झैं उनलाई पनि आडम्बरी आवरणले थिचेको थियो ।

पुरातनवादी र परंपरावादीका नाममा थिचिएर छोइछिटो तथा जातीय विभेदलाई पुर्ख्यौली पहिचानको रूपमा स्विकार गर्दै आएका थिए । सापकोटा बा, उमेरले छ दशक छोएको । परिवारमा श्रीमती, एक छोरा एक छोरी । परिवार प्रति उत्तरदायित्वबोध । छोराछोरीलाई समान शिक्षा दिएका थिए । संस्कारि शिक्षामा आफ्नो आडम्वरलाई लादि हाल्थे । तर उनको संस्कारि पाठलाई छोरीले आत्मसात् गर्न सकिनन् । छोरीको छेत्रीय जातको युवकसँगको बहिर्गमनले उनका घर आगन चारदिवार जुठो पारेको थियो । धेरै समय सम्म उनी हीनता, छटपटी वा पीडाले घेरिएका थिए । छोरीको पुनरागमनको ढोका सदालाई बन्द गरिदिएका थिए । छोरालाई उच्च शिक्षाको लागि बनारस पठाएका थिए । उनलाई छोरा प्रति पूर्ण विश्वास थियो । छरछिमेकमा छोराको गुणगान खुब गाउँथे । आफ्नो पुर्खौली पेशाको अनुकरण गर्ने कुरामा उनी ढुक्क थिए । श्रीमतीको त झन के कुरा, पतिव्रता नारीको ज्वलन्त उदाहरण । पतिदेवको कुनै पनि कुराको प्रतिवाद गर्दिन थिईन् । उनि पनि असाध्धै माया गर्थे । पत्नीलाई कहिल्यै पनि हेयको दृष्टिकोणले कहिले पनि हेरेनन् । छोरीसँगको बिछोड पछि निकै गल्दै गएकी थिईन् । सायद त्यहि वियोगमा शरीरमा एक पटक हृदयघात भयो । त्यस पश्चात उनी सधैं साथ हुन्थे । कतै जादा पनि प्राय साथै हुन्थिन् । असारको महिना खेतिपातीको चटारो । सापकोटा बा बेंशी तिरको खेतको चाँजोपाँजो मिलाएर घर फर्कदै थिए । बाटोमा पल्ले गाउँको काँईलो मुखिया भेट भए । काँईलो मुखिया.... जसलाई भरअबरमा सापकोटा बाले ठुलो गुण लगाएका थिए । 'ओहो ! काँईला कता बाट आज एता तिर ?' 'ए बाजे ढोग गरें है । यसो माथि सानकान्छाकाँ । भोलि खेतला लगाउनु छ । सहयोग गर्छ कि भनेर । अनि बाजे कता पुगेर आउनु भएको ?' पसिना पुछ्दै काँईलो मुखियाले भने । 'म पनि तल बेंशी सम्म । अनि घर तिर सब ठिक छन् हैन त ?' 'सबै वेस छन बाजे तर...' बोल्दा बोल्दै मुखिया टक्क अडियो । भनु कि न भनु जस्तो गरि पक्क परेर हेर्‍यो । 'के तर भन् न मुखिया पैसोसैसो को अखट्टै छ भने भन् ।' 'त्यस्तो केही छैन बाजे । मैले त बाजेको छोराको पो के के जाति गाईगुई सुनेको छु ।' 'हैन के भन्छ यो ? प्रष्ट भन् न के भो छोरोलाई ।' अलि आत्तिएको स्वरमा सोध्छन् । 'खै बाजे मैले त सुनेको कुरा । विश्वास त छैन । तर हाम्रा गाउँ तिर निकै हल्ला छ तपाईको छोरो पढ्न छाडेर खै को केटीसँग बसेको छ रे' मुखियाको कुरा सुनेर सापकोटा बाको अनुहार निचोरेको कागति जस्तो देखिन थाल्यो । 'सुनेको कुरा हो नहुन पनि सक्छ । तैपनि छोरा मोराको भर हुन्न भन्छन् । विचार गर्नु है बाजे ।' यति भन्दै मुखियाले आफ्नो बाटो ततायो । सापकोटा बालाई भाउन्न भयो । उनको मनमा काँईलो मुखियाले भनेका शब्द अक्षरस घुमिरहे । मन उकुसमुकुस भयो । तर्कना सिवाय दिमाग शुन्यप्राय थियो । भौंतारिदै कति खेर घर पुगे पत्तै भएन । घर पुगेर सरासर खाटमा गएर उत्तानो परे । सधैं बाहिरबाट घर छिर्दा हातखुट्टा नधोई नछिर्ने बुढालाई देखेर श्रीमती अचम्भित थिइन् । 'किन सन्चो भएन कि के हो ?' चियाको गिलास खाट नजिकैको टेबुलमा राख्दै उनी बुढाको निधार छाम्न थाल्छिन् । 'हँ केहि भएको छैन ।' शून्यबोध बाट झस्कदै उनले जवाफ दिए । 'आज अलिधेरै दौडधुप भएछ साह्रै थकाई लागेछ । 'झुटो मुस्कान छर्दै उनले भने । 'अनि तैंले औषधी खाईस त ?' कुरा अन्तै मोड्न चाहे । 'खाएँ । कत्ति खानु त्यो पनि ।' एकोहोरो बुढा तिर हेर्दै बोलिन् । लाग्थ्यो बुढाले उनलाई कुरा लुकाइरहेका छन । 'ल म गएँ भान्छा तिर । तपाई आराम गर्नुस् ।' 'बुढी हप्ता दस दिनको लागि म बाहिर जादै छु । मेरो लत्ताकपडा ठिक पारिदे है ।' बेलुका खानाको गाँसहाल्दै अचानक बुढाले भनेको कुरा सुनेर बुढी चकित थिइन् । 'हैन के भयो आज बुढालाई घर आए देखि न्याउरो छन । फेरि भोलि नै हिड्ने भन्छन् । पहिला पहिला त कतै जानु पर्दा दुईचार दिन अघि नै जानउ दिन्थे । के भयो भनेर सोध्दा पनि के जवाफ दिदैनन् । खै...' एकोहोरो सोच्न थालिन् । श्रीमती एकोहोरिएको देखेर बुढाले कुरा थप्दै गए यो पटक अलि अपर्झट भयो । केही चिन्ता लिनु पर्दैन तल्ला घरकी कान्छीलाई साथी बोलाउनु । भरसक म चाडैं फर्कन्छु । भोलिपल्ट तल्ला घरकी कान्छीलाई बुढीले खाने औषधी र अन्य काम कुरा बताएर बुढा लागे बनारस तिर । बनारसको सम्पूर्णानन्द संस्कृत विश्विद्यालय, जहाँ उनको छोरो अध्यनरत थियो । त्यहाँ गएर छोराको खोजिनिती गरे तर उस को अत्तोपत्तो थिएन । छोरोसगैं पढ्ने छात्रावासको एक नेपाली सहपाठीलाई सोधे । 'खै बुबा के भन्नु ? के भएर मति बिग्रेको हो ? अहिले त दार्जिलिङ् तिरको गुरुङ्नीको कोठामा बसेको छ । कति सम्झाए सकिन ।' बुढा छांगा बाट खसे झैं भए । मन भत्रुभति पोलेर आयो । हतास मुद्रामा भने 'अहिले कहाँ बसेको छ त ?' 'हिड्नुस म कोठा देखाइ दिन्छु ।' उनीहरू त्यहाँ पुग्दा झण्डै रात छिप्पिन लागेको थियो । 'ल बुवा उ त्यहि हो घर । त्यसको दोस्रो फ्ल्याटमा बस्छन उनीहरू । म चाहिँ बिदा हुन्छु एतै बाट ।' यति भन्दै उ लस्किहाल्यो । सायद कुनै पनि विवादमा पर्न चाहदैनथ्यो । भारी र त्रसिद मनले सापकोटा बा ढोका ढ्कढकाउछन् । ढोका खुले पछि आएको चुरोट र रक्सीको मिश्रित गन्धले बा को दिमाग खलबलिन्छ । नाक मुक एकैचोटी बिगार्छन । ढोका खोल्ने उनकै छोरा थियो । हातमा चुरोट र मदिरा सहितको सिसाको गिलास । सामुन्ने बाको अकस्मातको उपस्थितिले छोराको हातबाट एकाएक मदिराको गिलास भुईमा झरेर चकनाचुर भयो । उसको लागि बाको उपस्थिति अप्रत्यासित थियो । अकल्पनिय, अविश्वसनीय थियो । 'बुवा...' त्यो भन्दा बढि शब्द केही पनि बोल्न सकेन । 'के भयो प्यारा ?' पछाडिबाट एक नारी ध्वनि आयो । सापकोटा बा ती नारीलाई निहार्छन् । शरीरमा लेसमात्रको पहिरन । सापकोटा बाको भाउन्न छुट्यो । मन मात्र हैन तन पनि त्यहाँ एकछिन टिकिरहन सकेन । फरक्क फर्के । मनको कुनै कुनामा सुषुप्त रहेको बिगतको पीडामा फेरि आगोको लप्कोले भेटेको थियो । सुमधुर सपनामा कुठारापात भईसकेको थियो । चिनजान, मित्र, आफन्तरूको झुण्ड, बन्धुत्वले हेपाई, गाली, तिरस्कार, खिसिट्युरी गरेको आँखामा झल्झलि नाच्न थाल्यो । मनको वायुमण्डलमा कालो कालो धुवाँ आकाशिन थाल्यो । हीनता, छटपटी र पीडाले घेरिए । अब बाँच्नुले के अर्थ राख्यो र ? सबै सँग तिरस्कृत हुनु भन्दा त यतै देह त्याग गर्ने विकृत सोच पलाउन थाल्यो । सिधै गंगाको तीर तर्फ लागे । गंगा नदी हिन्दु धर्मको प्राण । महाशक्ती धार्मिक मान्यता अनुसार अधर्मीको पनि पाप पखाल्ने । त्यहीं गएर आफ्नो पाप पखाली इहलिला समाप्त विचार गरे । नदीको किनारामा पुगेर भक्कानिएर रोए । अब यो घृणालाई अब अवसरमा परिणत गर्नेछु । आउने जुनसुकै परिवेशलाई पनि आत्मशात गर्नेछु । एक मार्गबोधी भएर प्रस्तुत हुनेछु । धरमरिएको, कमजोर भईसकेको आत्मालाई आत्मविश्वासले दृढ बनाए । अन्तरआत्माले गंगा नदीलाई प्रणाम गरे । सेतो छालाभित्रको कालो मन, कालो सोचलाई गंगामा तिलान्जलि दिएर रेल्वे स्टेसन तिर लागे । ढोका ढकढकाए । साथी आएकी कान्छीले ढोका खोली । 'ए बा पो आउनु भएछ । ढोग गरे बा ।' कान्छीले सापकोटा दम्पतीलाई सधैं बा आमा भनेर नै सम्बोधन गर्थी । 'तँ सुतेकी छैनस ?' आशिष दिने भावमा हात कान्छीको शिरमा राख्दै बा ले सोधे । 'पढ्दै थिएँ अब सुत्ने' 'अनि आमा खै त ?' 'माथि सुत्नु भएको छ ।' 'ल सुत नानी तँ पनि । रात धेरै छिप्पिसक्यो बा माथि उक्लदै भने । माथि कोठामा पुगेर एकटकले श्रीमतीलाई हेरे । 'कति खेर आउनु भयो तँपाई ?' आश्चर्य भावमा बुढालाई हेरिन् । 'भर्खरै हो' कपडा फेरेर सुत्ने तरखर गर्दै भने 'ल सुत तँ पनि भोलि बिहान कुरा गरौंला' बुढीले बिहानको नित्यकर्म सकिसकेकी थिईन् । बुढा अझै उठेका थिएनन् । 'ए सानीको बा अब उठ्ने हैन ?' बुढालाई झकझकाईन् । 'ओहो ! कस्तो निदाइएछ ।' बुढा आँखा मिच्दै थिए । यस्तो लाग्थ्यो निद्रा अझ पुगेको छैन । घडी हेरे आठ बजिसकेछ । हत्त न पत्त उठे । पूजाकोठाको एक भित्तामा रहेको बाको ठुलो फोटो फ्रेममा नतमस्तक भए र मनमनै गुनगुनाए म मानविय धर्म कहिल्यै छाड्ने छैन बा...' त्यतिन्जेल सम्म बुढीले चिया लिएर आईसकेकी थिईन् । 'बुढी एउटा कुरा भनु है ? विश्मित आँखाले बुढा तिर पुलुक्क हेर्छिन् । 'यसपालि छोरीलाई तीजमा बोला है । बुढाका यी शब्दहरु अप्रत्यासित र अकल्पनिय थियो उनलाई । केही बोलिनन् । स्विकृतिको अभिव्यक्ति आँसुको अश्रुधाराले दिईन् । बुढालाई च्याप्प अंगालो हालेर धेरै बेर सम्म रोइरहिन् ।

*-समकालीन साहित्य डटकम*

नियात्रा — रामेश श्रेष्ठ

## पुरानो चीन नयाँ पुस्ता

'रामेशजी, तपाईलाई चीन भ्रमणको सांस्कृतिक निम्तो छ है, साहित्यिक हुनुको नाताले', रामबाबु सुवेदी सरको फोन आयो एक बजे राति । 'साहित्यिक मात्र होइन सङ्गीतकर्मीलाई पनि निम्तो दिने सोच बनाउनुपर्छ रामबाबुजी', भन्दै पाँच साथीको नाउँ दिएको थिएँ, केही दिनपछि तीनजनाको मात्र मिलाउन सकेको कुरा गर्नुभयो । जानुभन्दा केही दिनअघि चिनियाँ राजदूतले जडिबुटी-चियाले स्वागत गर्दै भन्नुभएको थियो, 'चीन ठूलो देश छ, विकास त गर्दैछ तर भनेजति गर्न सकेको छैन । कमी कमजोरी प्रशस्तै हुन सक्छन । गएर आउनुभएपछि तपाईहरूबाट धेरै सुझावको आशा राखेको छु । तपाईहरूको यात्रा सुखद् र सफल रहोस् ।' एकैघण्टामा हामी चिनियाँ जहाजबाट ल्हासा पुग्यौं ।

बादलुको समुन्द्रमाझ् टापुजस्तै उठेका कति सुन्दर र मनोहर हिमाली टाकुराहरू' चीनतिरबाट पनि हेर्यौं सगरमाथालाई । तिब्बती पठार अनि नाङ्गा डाँडाहरूको लस्कर देख्यौं । भोलिपल्ट बिहान यसअघि फोटोमा देख्ने गरेको पोताला दरबार चढ्यौं । ल्हासाको सुन त यहाँ पो थुपारेका रैछन् दलाइ लामाहरूले । पोतालाको टाकुराबाट देखियोरु ठूलो उपत्यकामा फैलिएको नयाँ ल्हासा शहर । नेपाली सानो-दूतावासमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकी समारोह मनायौं, कविता पढ्यौं, गीतहरू गायौं अनि सालिकमा सेतो खादा चढायौं । रु ५२०० मिटर बढी उचाइको रेलयात्रा अपूर्व भएको हाम्रो समूहले एकसाथ अनुभव गर्‍यो । अर्को बिहानदेखि मात्र देखिन थालेरु रूख, मान्छे अनि स-साना गाउँका साथै पहाडै पहाड छेडेर बनाइएका अनगिन्ती सुरुङ । सुरुङको रेलो छिचोलेपछि शुरु भयो शहर, घन्टौंघन्टा रेलको झयालबाट हेरिरहँदा पनि नसिद्धिने । हामी पुगेका चीनका प्राय: सबै ठाउँमा आठ-दश तले पुराना घर भत्काएर ५०( ६० तले नयाँ घर निर्माण भइरहेका थिए ।

**बुद्ध: चीनमा पनि भ्रम**

संसारको नयाँ आश्चर्यमा दर्ता भएको, केही वर्षअघि मात्रै पत्ता लागेर उत्खनन् गरिएको टेराकोट्टा योद्धाहरूको पुरातात्विक स्थल हेर्न जाँदा चन्द्रागिरि डाँडोमुनि पुगेजस्तो लाग्यो । पत्रिकाहरूमा हेरेको हजारौं चिनियाँ योद्धाहरूका ऐतिहासिक आदम मूर्ति आँखैसामुन्ने देख्न पाइयो । जंगली हाँस नाउँको बुद्धको पगोडा हेर्न जाँदा गाइड बहिनीले 'बुद्ध भारतका हुन् र बुद्धिज्म भारतबाटै संसारमा फैलिएको हो' भनेपछि नेपालीहरूको दिमाग सन्किहाल्यो । कसैले सम्झाए, कोही रनक्क रिसाए। के गर्नु उनलाई त्यस्तै पढाइएको थियो । बुद्धका मूर्तिहरू चीनमा खुबै छाएका देखिए, जबकि बुद्ध आफैं मूर्तिपूजाको विरोध गर्न भन्थे । ल्हासाका बुद्ध भोटवासीजस्ता र सियानका बुद्ध चिनियाँ अनुहार परेका थिए भने अरनिकोले बनाएको बुद्ध मात्र नेपाली हिस्सीका थिए । बेइजिङको सेतो पगोडामा आफूले मिहिनेतले बनाएको अरनिकोको मूर्ति जतन र इज्जतसाथ स्थापना गरेको देखेपछि के.के. कर्माचार्य बडो भावुक हुनुभयो । उहाँसँगै हामी सबैले सम्मानित भएको अनुभव गर्यौं । बुद्धको विषयमा छाएको भ्रमबारे बुझ्न खोज्दा रात्रिभोजमा राजदूत टंक कार्कीबाट बुद्ध खाँट्टी नेपाली हुन् भारतीय कदापि हैनन् भन्ने कुरा संसारले थाहा पास् भनेर युद्धस्तरमा एउटा अभियान चलाउने तयारी हुँदै गरेको थाहा भयो । जडिबुटीबाट गरिने आयुर्वेदीय उपचार, चक्लेट र फलफूलको सुकुटी पसल, लम्पिक चराको गुँड, समुन्द्री सफर, मोती र जेड पत्थरको पसल, पानीको फोहोरा-नाच, सर्कस, रेसमी कीराबाट धागो निकाल्ने कारखाना, आदिम युगको परिचय दिने संग्रहालय, हाँसको मासु खाने रेस्टुराँरु कहाँ कहाँ लगनेन् चिनियाँ साथीहरूले हामीलाई । अचम्म त पाँच हजार किलोमिटरभन्दा लामो चीनको ग्रेटवाल बनाउने युद्धभोगी राजाहरूको सपना र योजना त्यही पर्खालजस्तै अकल्पनीय लाग्यो । मात्सेतुङको शरीर जस्ताको तस्तै संरक्षित गरेर राखिएको थियोरु गोरो, भव्य र तेजस्वी मुहारमा । दुईपल्ट लाम बसेर हेर्यौं रायन र मैले । आहा, हाम्रो जीवनको कति गौरविलो र अविस्मरणीय क्षण रह्यो त्यो थोरै दिनमा धेरै जानकारी र अनुभव भयो यो यात्रामा, जसको विस्तृत वर्णन गरेर किताब नै प्रकाशित गर्ने प्रयत्नमा छुम ।

**तीब्र उन्नति, म्लेच्छ संस्कृति**

साँच्चै चीनको उन्नति, प्रगति यति द्रूत छ, चिनियाँहरू आफैं विश्वास गर्दैनन् । ६ महिनामै आफ्नो ठाउँ कसरी फेरियो भनेर तर पनि अमेरिकी डलर बलियो भएकोमा नमीठो मान्छन् र झन् बढी काममा खिपिन्छन् । उनीहरूको चेहराको भावले भनिरहेझैं लाग्थ्यो कुनै समय एक युआन किन्न पाँच अमेरिकी डलर खर्च गर्नुपर्ने दिन आस् । चीनको जमिन टेकेदेखि नछोडेसम्म पाहुनाप्रति चिनियाँहरूको व्यवहार र व्यवस्थापन उत्कृष्ट थियो । हामीलाई तिब्बत, सियान, बेइजिङ, सौाई, सेनजेन्, गुवान्जा, हङकङका साथै अरू स-साना शहरमा पनि पुर्‍याइयो र हरेक ठाउँमा वर्तमान चीनको वस्तुगत परिचय दिने प्रयत्न गरियो । पहिला चीन आएका साथीहरूले वर्तमान चीनमा मात्सेतुङप्रति आदरभाव बढेको बताएका थिए । 'माले विशाल चीनको निर्माणमा असाधारण योगदान नगरेका भए आजको चीन कहाँ यस्तो हुन्थ्यो ? अनि तेन सिया पिङको बुद्धिमत्तापूर्ण दृष्टिकोण र नीति नभएको भए विश्वमा आजको समृद्ध चीनको स्थान कहाँ हुन्थ्यो ?' चिनियाँ गाइडहरू यो कुरा बारम्बार दोहोर्‍याइरहन्थे । जुन सत्य पनि थियो । तर सिद्धान्त र विचारमा हिजो जुन उच्चता र पकड थियो चीनको, त्यो आज पनि त्यत्तिकै उचाइमा छ त ? अहिले हाम्रो कुनै कुरामा ध्यान छैन, आर्थिक रूपमा समृद्ध हुनबाहेक ...। लाग्थ्यो, सम्पूर्ण चीनको बोली यही छ । 'तर हैन, हाल चिनियाँ नेतृत्व निकै गम्भीर बनेको छ यो सवालमा । वर्तमान चीनको नीतिमै छरु विद्यालयमा तलैदेखि मार्क्सवाद-लेनिनवादमा विचारधारालाई पाठ्यक्रममा समावेश गर्ने र नयाँ सन्ततिहरूलाई कम्युनिष्ट सिद्धान्तले शिक्षित-दीक्षित पार्दै लैजाने ...' हाम्रै माझका एक विद्वान् साथीले भन्नुभएको यो कुरा सत्य हो, होइन त्यो त मलाई थाहा छैन, हो भने विश्वका मार्क्सवादीहरूका लागि शुभ सन्देश हुनेछ । हामी चीनका ल्हासा, सियान, बेइजिङ, सौाई, हङकङलगायत जुन जुन ठाउँमा गयौं, त्यहाँका साहित्यिक संस्था र समूहहरूले हाम्रो सम्मानमा सौहार्दपूर्ण कार्यक्रमको आयोजना गरे । सांस्कृतिक अनुभवको आदानप्रदान गर्दै चिनियाँ साहित्यका प्रतिनिधि लेखक, कवि र कलाकारहरूसँग हाम्रो निकै गहिरो अन्तरक्रिया भयो । सांस्कृतिक क्रान्तिले चीनको कला, संस्कृति र साहित्यलाई बोदो पारेको कुरा प्राय: सबै ठाउँका कला-प्रतिनिधिले व्यक्त गरे । एक किसिमले अधमरै पारेर छाडिएको विचार तीतो ढंगले पोखेका थिए उनीहरूले । १९८० को दशकपछि जब मैदान खुला भयोस अनि मात्र साहित्य, कला र संस्कृति बौरियो चीनमा । तर यही समय सँगसँगै आफ्नो भव्य सांस्कृतिक पहिचान, ऐतिहासिक विरासत र विश्वव्यापी प्रभावलाई मूर्च्छा पार्दै क्षणिक रमाइलो र सस्तो मनोरञ्जनको उपभोक्तावादी पश्चिमा कला-संस्कृतिले पनि चीनको बजारलाई पिटेको छ । नयाँ पुस्ता त पप, रक, र्‍याप, हिप्, ब्यागी, खैरा, झयापुल्ले र चुच्चे कपाल रस भेट्टाए कालो पदार्थमा समेत मस्त देखिएस बौलाए जस्तैगरी । केही चिनियाँ साथीहरूले खुलेरै भने, 'साहित्य पढ्न मन छैन, खुला चीनको नयाँ पुस्तालाईस बरु इन्टरनेटमा छोटा कथा र रमाइला कविता पढ्ने सोख पलाएको छ ।' अलि अप्ठेरो मान्दै उनीहरूले थपे, 'किताब छापेर बिक्न र पैसा उठ्न अप्ठ्यारै छ, बरू संगीतको क्षेत्रमा पैसा बर्सन्छ । अझ् पश्चिमा खैरा, काला नाम चलेका पप गायक-गायिकाहरू आउँदा त हजार युआनका टिकट एकैदिनमा खत्तम भएका उदाहरण कति छन् कति !' कुनै सपना, योजना, विचार, लक्ष्य, सिद्धान्त र स्तरीय सीप-शिल्प नभएजस्ता चीनका यी नयाँ सन्तानहरू म्लेच्छहरूका सांस्कृतिक दास त हुने हैनन् र कतै थाहै नपाई तिनैलाई आफ्ना मालिक सम्झेर आफ्नो देशको परिचय र पहिचानलाई धूलो पार्न लागिपर्ने त हैनन्? एशियाका देशहरूले गम्भीर भएर सोच्ने समय आएको छ, जसमध्ये चीन पनि पर्ला कि ?

**देशको मुहार फेर्ने अभियान**

मिङसानमाथि फैलिएको हिउँलाई कुल्चँदै पौरखीहरू अगाडि बढ्छन् आनन्द छर्कँदै बेरोकटोक अगाडि बढ्छन् यी राता मानिस
लक्ष्यमा आफ्नो पुगेरै छाड्छन् यी ज्यूँदा मानिस
निकै नै टाढा पुग्नुछ राता सिपाहीहरूले गाह्रो र साह्रो भन्दैनन् आँटी छोराछोरीले माको देशमा माको लङ्गमार्चको अभियानमा रचिएको यो गीतसँगै हामी संगीतका साथीहरू ३६ वर्षदेखि नेपालको सुपरिवर्तनका लागि एकनासले गाइरहेका, जनता र जनआन्दोलनबाट स्थापित जनताको राष्ट्रगान गाउँथ्यौं:
गाउँ गाउँबाट उठ, वस्ती वस्तीबाट उठ
यो देशको मुहार, फेर्नलाई उठ ...
गाउँदा-गाउँदै मेरो अन्तर्मनले भन्थ्यो देशको मुहार फेर्न गाउँ गाउँबाट चीन उठेको छ, वस्ती वस्तीबाट चीन उठेको छ । नेपालमा हामीले पनि उठेर राजतन्त्र फ्याँकेकै हौं, तर गणतान्त्रिक नेपाल नेपालीको भएन । अहिले सारा नेपाली र शहीदको सपना रोएको छ। तर रोएर केही हुनेवाला छैन । नेपालीहरू फेरि सैर्षको अर्को चरणमा पस्नुपर्ने हो कि भनी गम्भीरतापूर्वक सोचिरहेका छन् । त्यसैले नेपाली जनता फेरि गर्जेर गाउने तरखरमा छन् 'यो देशको मुहार फेर्न अब अन्तिम पल्ट उठ' प्राय: कार्यक्रमको समापनमा चिनियाँ भाषामा गाउँ गाउँबाट उठ, वस्ती वस्तीबाट उठ गाउँदा चिनियाँहरू पनि हामीसँगै मुख चलाएर गाइरहेका देखिन्थे र यस्तो लाग्थ्यो हामी सबै आ-आफ्नो देशको मुहार फेर्न जीउज्यान तेजेर गम्भीरतापूर्वक लागिरहेका छौं र गाइरहेका छौं:
छुन् च्च छुन् च्च चान् छि लाई,
चुचाइ चुचाइ चान् छि लाई
वाइल्याउ काइप्येन चुक्वो त म्येनमाउ,
ताच्या तौ छिलाई ...

*-मझेरी डटकम*

# पाल्पाबाट नगदसहित पाँच जुवाडे पक्राउ



**पाल्पा,** साउन ५/जिल्लाको रैनादेवी छहरा गाउँपालिका-४ अमलाबासबाट नगदसहित पाँच जुवाडे पक्राउ परेका छन् । छहराको अमलावासस्थित एक रेष्टुरेण्टबाट नगदसहित पाँच जुवाडे पक्राउ परेका हुन् ।

जिल्ला कार्यालय पाल्पा र ईलाका प्रहरी कार्यालय मुझुङबाट खटेको प्रहरी अनुसन्धान अधिकृत सहितको टोलीले रेष्टुरेण्टबाट जुवाडेलाई पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीले उनीहरुको साथबाट २५ हजार ३ सय ९० रकम समेत बरामद गरेको जनाएको छ । प्रहरीले लामो समयदेखि जुवाखाल सञ्चालन भइरहेको भन्ने गोप्ये सुचनाको आधारमा खोजतलास गर्दा कोठाभित्र जुवा खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट ३ बुक तासको पत्ति पनि फेला पारेको छ । जुवाडेलाई नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय पाल्पाले थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । पछिल्लो समय प्रहरीले जुवाडेहरुलाई धमाधम पक्राउ गर्न थालेको छ । प्रहरीले गत असार ३ गते तानसेनबाट ६६ हजार ८ सय २५ रकमसहित १० जुवाडेलाई पक्राउ गरेको थियो । उसले तानसेन नगरपालिका-१ भूसालडाँडास्थित एक घरबाट नगदसहित १० जुवाडे पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट २ हजार १५ थान रातो, निलो रङ्का तासको पत्ति पनि फेला पारेको थियो ।

# पाल्पाली साहित्यकार रेग्मी र सिंह काठमाडौंमा सम्मानित




**पाल्पा,** साउन ५/पाल्पाली साहित्यकार काठमाडौंमा सम्मानित भएका छन् । गुञ्जन नारी साहित्यिक संस्था काठमाडौंले रजत महोत्सवको अवसरमा पाल्पाली साहित्यकार पुष्कर अथक रेग्मी र राजेन्द्र गोपाल सिंहलाई सम्मान गरेको हो ।

नेपाली साहित्यको विकास, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै गुञ्जनले रेग्मी र सिंहलाई गुञ्जन साहित्य सम्मान २०७९ द्वारा सम्मान गरेको छ । प्रमुख अतिथि तथा वरिष्ठ साहित्यकार प्रा.डा. अभि सुवेदी, विशिष्ट अतिथि साहित्यकार रमा शर्मा र संस्थाका अध्यक्ष जलेश्वरी श्रेष्ठले संयुक्त रुपमा सम्मान गरेका थिए । पाल्पामा रहेर नेपाली साहित्यको श्रीवृद्धिमा रेग्मी र सिंहले महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । उनीहरु विभिन्न साहित्यिक संघसंस्थाहरुबाट साहित्यको विकासमा निरन्तर क्रियाशिल रहँदै आएका छन् । सम्मानित व्यक्तित्व रेग्मी पाल्पा साहित्य समाज, शिक्षा, स्वास्थ्य साहित्य प्रतिष्ठान पाल्पाका अध्यक्ष हुन् भने सिंह पाल्पा साहित्य समाजका संरक्षक हुन् । रेग्मीले उपन्यास कविता, कथा, जीवनी, गजल, अनुसन्धान लगायतका दुई दर्जन बढी कृतिहरु प्रकाशित गरिसकेका छन्, भने दर्जनौ साहित्यिक सम्मानबाट सम्मानित समेत भएका छन् ।

उनी तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख समेत हुन् । सिंह साहित्यकार र राजनीतिज्ञ समेत हुन् । उनले साहित्यिक संघसंस्थामार्फत पाल्पाको साहित्यिक विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । कार्यक्रममा गुञ्जनकी सदस्य डा. रजनी ढकालले सम्मानित व्यक्तित्व माथि प्रकाश पारेकी थिइन । गुञ्जनले साहित्यकार गीता कार्की, भुवन ढुङ्गाना, राधिका लिम्बू, विश्व मोहन श्रेष्ठ, रेवतीराज भण्डारी र लक्ष्मीराज भण्डारीलाई समेत विभिन्न पुरस्कारबाट सम्मानित गरेको छ । कार्यक्रममा गुञ्जनद्वारा प्रकाशित रजत जयन्ती स्मारिका पनि विमोचन गरिएको छ ।

गुञ्जनकी अध्यक्ष जलेश्वरी श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष इल्या भट्टराईको स्वागत र सचिव सन्ध्या पहारीको सञ्चालनमा कार्यक्रम भएको थियो । 'श्रष्टादेखि श्रष्टासम्म सम्पर्कको निरन्तरता : सिर्जनामा जीवन्तता' भन्ने नाराका साथ वि.स. २०५४ मा स्थापित गुञ्जन नारी साहित्य संस्थाले नेपाली साहित्यको क्षेत्रमा साहित्यिक यात्रा, लेखन, वाचन तथा प्रकाशन, सम्मान तथा पुरस्कार समर्पण लगायतका साहित्यिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

# ललिता निवास प्रकारण : चार व्यक्तिको रिट खारेज

**काठमाडौं,** साउन ५/ललिता निवास जग्गा प्रकरणअन्तर्गत सरकारी जग्गा व्यक्तिको नाममा ल्याउने क्रममा सरकारी दस्तखत तथा कागजात कीर्ते गरेको आरोपमा पक्राउ परेका चार जनाको रिट निवेदन खारेज भएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय प्रकाशकुमार ढुङ्गाना र नहकुल सुवेदीको संयुक्त इजलासले शुक्रबार उक्त प्रकरणमा संलग्न भाटभटेनी डिपार्टमेन्टल स्टोरका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह तथा नापी कार्यालयका पूर्वकर्मचारीद्वय धर्मप्रसाद गौतम र टिकाराम घिमिरेले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरेको हो । अदालतले निजहरूको रिट निवेदन खारेज गरेसँगै मुद्दाको अन्तिम किनारा नलागेसम्म उनीहरू हिरासतमै बस्नुपर्नेछ । ललिता निवास प्रकरणमा सरकारी जग्गा व्यक्तिका बनाउने क्रममा सरकारी दस्तखत तथा कागजात किर्ते गरेको आरोपमा पक्राउ परेका निजहरूले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए । त्यसैगरी सोही प्रकरणमा आफूहरूलाई पक्राउ नगर्न माग गर्दै अन्तरिम आदेश पाएका १७ जनाले पाएको आदेशले निरन्तरता पाउन सकेन । अन्तरिम आदेश खारेज भएसँगै उनीहरूलाई पक्राउ गरी अनुसन्धान गर्न प्रहरीलाई बाटो खुलेको छ । उनीहरू विरुद्ध प्रहरीले ब्याकेट निवेदन दर्ता गराएको थियो ।
-रासस

## खेलकुद समाचार

# सन्दीप र दीपेन्द्र सम्मिलित टिम भिड्दै



**काठमाडौं,** साउन ५/क्यानडामा बिहीबारदेखि सुरु भएको ग्लोबल टी-२० क्यानडा क्रिकेट लिगमा नेपालको दुई खेलाडी सम्मिलित टिम आमने सामने हुँदैछन् । सन्दीप लामिछाने सम्मिलित सर्रे जागुएर्स र दीपेन्द्र सिंह ऐरी सम्मिलित मोन्ट्रेल टाइगर्स पहिलो खेलमै भिड्न लागेका हुन् ।

यो खेल नेपाली समय अनुसार राति सवा १ बजे सुरु हुनेछ । त्यसअघि भ्यानकुवर नाइट्स र टोरोन्टो नेस्नल्सबीच राती पौने ९ बजे खेल हुनेछ । सन्दीप तेस्रो पटक ग्लोबल टी-२० क्यानडा लिग खेल्दैछन् भने दीपेन्द्र पहिलो पटक विदेशी लिगमा छनोट भएका हुन् । सन्दीपले २०१८ मा भएको पहिलो संस्करणमा मोन्ट्रेल टाइगर्सबाट खेलेका थिए भने २०१९ मा टोरोन्टो नेस्नल्सबाट खेलेका थिए । कोभिड १९ का काण बीचमा रोकिएको यस लिग चार वर्षपछि फेरि सुरु भएको हो । सन्दीप समावेश टिम सर्रे गाजुएर्सको कप्तानी इफ्तिखर अहमदले गर्दैछन् भने प्रशिक्षकमा भारतका लालचन्द राजपुत छन् ।

यस्तै दीपेन्द्र सम्मिलित मोन्ट्रेलको कप्तानी बंगलादेशी अलराउण्डर शकिब अल हशनले गर्नेछन् भने प्रशिक्षकमा नेपाली राष्ट्रिय टिमको प्रशिक्षक रहिसकेका डेभ वाटमोर छन् । सर्रेमा सन्दीपसँगै एलेक्स हाल्स, नाथन कल्टर निल, लिट्टन दास, मोहम्मद ह्यारिस, बर्नाई स्कोल्टज, बेन कटिङ लगायत खेलाडी छन् । दीपेन्द्र रहेको टिममा भने शकिबसँगै आन्द्रे रसेल, क्रिस लिन, कार्लोस ब्रेथवेट, शेफान रथुफोर्ड, मुहम्मद वासिम, जाहिर खान जस्ता खेलाडी छन् । ग्लोबल टी-२० क्यानडामा टोलीले प्रतिस्पर्धा गर्दैछन् ।

वर्गिकृत डिस्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# कामना सेवाको नयाँ ब्याजदर सार्वजनिक




**पाल्पा,** साउन ५/कामना सेवा विकास बैंक लि.ले ग्राहकहरूको कर्जाको लागि नयाँ ब्याजदर १२.१२ प्रतिशत सार्वजनिक गरेको छ ।

बैंकले आवासीय घर निर्माणको लागि आवास कर्जा, साना तथा मझौला व्यवसाय अन्तर्गत सरल व्यापार कर्जा र विद्युतीय सवारी साधन खरिद गर्दा बैंकले १२.१२ प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गर्ने जनाएको छ । बैंकका अनुसार आवासीय घर निर्माणको लागि कर्जा लिंदा अधिकतम ३० वर्षको लागि डेढ करोड सीमा भित्र रहने गरी धितो मूल्याङ्कित रकमको ६० प्रतिशत सम्म कर्जा लिन पाइने व्यवस्था राखिएको छ भने सरल व्यापार कर्जामा धितो मूल्याङ्कित रकमको ८० प्रतिशत सम्म मासिक ब्याजमात्र तिर्ने वा मासिक किस्ताबन्दीमा भुक्तानी गर्ने गरी कर्जा उपलब्ध हुने बैंकले जनाएको छ ।

त्यसैगरी विद्युतीय सवारी साधन खरिदमा खरिद मूल्यको ८० प्रतिशतसम्म कर्जा उपलब्ध हुने बैंकका नायव प्रमुख कार्यकारी अधिकृत विनय दाहालले बताए । नायव प्रमुख कार्यकारी अधिकृत दाहालका अनुसार बैंकले प्रवाह गर्ने यस्ता कर्जाहरू सम्पूर्ण कागजात पेस गरेको ३ दिन भित्रै स्वीकृत गरिसकने छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई